# तारिणी प्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगर स्थापना तथा संचालन निर्देशिका २०७८

प्रस्तावनाः रेडियो नेपालमा स्व.तारिणी प्रसाद कोइरालाले पुर्‍याउनु भएको योगदानको उच्च कदर गर्दै रेडियो प्रसारण क्षेत्रलाई थप विस्तार र समय सापेक्ष कार्यक्रम मार्फत नेपालको पूर्वी क्षेत्रमा प्रचलित संगीत, कला, साहित्य, संस्कृति जस्ता पक्षहरुको जगेर्ना, संरक्षण एवं खोज/अध्ययन र अनुसन्धान कार्यलाई व्यवस्थित बनाउँदै रेडियो नेपालको कार्यक्षेत्रलाई विस्तार गर्न स्व.तारिणी प्रसाद कोइराला स्मृति सञ्चारग्राम स्थापना तथा संचालन गर्न वान्छनीय भएकोले मन्त्रालयले यो निर्देशिका स्वीकृत गरि कार्यान्वयनमा ल्याएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस निर्देशिकाको नाम "तारिणी प्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगर स्थापना तथा संचालन निर्देशिका २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "निर्देशिका"भन्नाले "तारिणी प्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगर स्थापना तथा संचालन निर्देशिका २०७८"लाई सम्झनु पर्दछ ।

(ख) "सञ्चार ग्राम"भन्नाले नियम ३ बमोजिम स्थापना भएको "तारिणी प्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगर"लाई सम्झनु पर्छ ।

(ग) "गठन आदेश" भन्नाले रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१ लाई सम्झनु पर्छ ।

(घ) "रेडियो नेपाल"भन्नाले रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) लाई सम्झनु पर्छ ।

(ङ) "महानगरपालिका"भन्नाले विराटनगर महानगरपालिकालाई सम्झनु पर्छ ।

(च) "निर्देशक"भन्नाले यस निर्देशिका बमोजिम तोकिएको निर्देशकलाई सम्झनु पर्छ ।

(छ) "नियमावली"भन्नाले रेडियो प्रसार सेवा विकास समितिकर्मचारी सेवा शर्त नियमावली, २०७७ र आर्थिक नियमावली, २०४९(सँशोधन सहित) लाई सम्झनु पर्छ ।

(ज) "समिति"भन्नाले दफा ३ बमोजिम स्थापना भएको संचालक समितिलाई सम्झनु पर्छ ।

**३. सञ्चार** ग्रामको **स्थापना र सञ्चालनः** (१) महानगरपालिका भित्र "तारिणी प्रसाद कोइराला स्मृति सञ्चार ग्राम"नामको एक सञ्चारग्रामको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित सञ्चारग्राम सञ्चालनका लागि रेडियो नेपालमा देहाय बमोजिमको सञ्चालक समिति रहने छ ।

(क) कार्यकारी निर्देशक, रेडियो प्रसार सेवा विकास समिति --- अध्यक्ष

(ख) महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कम्तिमा उपसचिव सरहको प्रतिनिधि --- सदस्य

(ग) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको कम्तिमा उपसचिव सरहको प्रतिनिधि --- सदस्य

(घ) अध्यक्ष, पत्रकार महासंघ, मोरङ्ग --- सदस्य

(ङ्) निर्देशक, सञ्चारग्राम --- सदस्य सचिव

(३) समितिको वैठक सामान्यतया वर्षको ४ पटक र आवश्यक्तानुसार जुनसुकै बखत पनि वस्न सक्नेछ ।

(४) समितिका बहुमत सदस्यले बैठक बोलाउन अध्यक्षलाई लिखित अनुरोध गरेमा १५ दिन भित्रमा अध्यक्षले बैठक बोलाउनु पर्नेछ ।

(५) समितिको बैठक अध्यक्षको निर्देशन तथा अनुमतिमा सदस्यसचिवले बोलाउनु पर्नेछ ।

(६) बैठकमा पचास प्रतिशत सदस्य उपस्थिति भएमा गणपुरक संख्या मानिनेछ । समितिको निर्णय वहुमतको आधारमा हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार स्थानीय तहका प्रमुख तथा पदाधिकारी, संघीय तथा प्रदेश सरकारका पदाधिकारी, गीत संगीतका सर्जक/कलाकार तथा सञ्चार क्षेत्रका ख्यातिप्राप्त व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(८) समितिको बैठकको निर्णय उपस्थित सदस्यहरुको निर्णयबाट प्रमाणित गरिनेछ ।

**४.सञ्चारग्रामको उद्देश्यः** दफा ३ बमोजिम स्थापना हुने सञ्चारग्रामको उद्देश्य देहायबमोजिम रहेको छः

(क) महानगरपालिकाभित्र कला साहित्य र सूचना सम्बन्धी गतिविधि समेट्ने गरी महानगर एफ.एम. रेडियो सञ्चालन गर्ने ।

(ख) क्रियाशील संचारकर्मीहरुको क्षमता अभिवृद्धि गर्न केन्द्र तथा प्रदेश स्तरको तालिम/गोष्ठी/कार्यशालाहरु संचालन गर्ने ।

(ग) पूर्व क्षेत्रमा रहेका सर्जकहरुका सृजना एवं गीत÷संगीतलाई सर्वसुलभ ढंगले आम जनसमुदाय समक्ष पुर्‍याउन तथा रेडियो नेपालको व्यावसायिक क्षमता वढाउन रेकर्डिङ्ग स्टुडियोको स्थापना गरी नियमित रुपमा गीत/संगीत र अन्य श्रव्य सामाग्रीहरु उत्पादन गर्ने ।

(घ) पूर्वेली लोक संस्कृति/मौलिक धुनहरु, परम्परागत वाद्ययन्त्र, विभिन्न खाले गीत/संगीत लगायत विविध भाषा भाषिका लोक संस्कृतिको विस्तृत अध्ययन/अनुसन्धान गरी संरक्षण तथा सम्वर्द्धन गर्ने ।

(ङ) रेडियो नेपालको प्रसारण सेवालाई अझ विस्तार गर्न सञ्चारग्रामलाई प्रदेश प्रसारण कार्यालयको रूपमा सञ्चालन गर्ने ।

(च) रेडियो नेपालले आफ्नो समाचार तथा कार्यक्रमहरुलाई अझ समसामयिक, प्रभावकारी र स्रोतामुखी वनाउन सबै प्रकारका संचार माध्यमहरुसँग नियमित अन्तरक्रिया गर्ने थलोको रुपमा सञ्चारग्रामलाई विकास गर्दै लैजाने ।

(छ) स्थानीय क्षेत्रका सम्वाददाताहरुलाई परिचालित गरि समाचार संकलन र सम्प्रेषण गर्ने कार्यलाई व्यवस्थित गर्न समाचार ब्युरोको रुपमा कार्य गर्ने ।

(ज) सञ्चारग्रामलाई रेडियो संग्रालय (म्युजियम) को रूपमा अघि बढाउने।

**५.सञ्चारग्रामको कर्मचारी व्यवस्थापनः** (१) सञ्चारग्रामको सञ्चालन र व्यवस्थापन गर्न आवश्यकता अनुसार रेडियो प्रसार सेवा विकास समितिले कर्मचारीको दरबन्दी सृजना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरवन्दी कायम नभएसम्म रेडियो नेपालले सञ्चारग्राम सञ्चालनका लागि आवश्यकता अनुसार कर्मचारी खटाउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि महानगर एफ.एम. रेडियो सञ्चालनको लागि आवश्यक जनशक्तिको व्यवस्था महानगरपालिका आफैले गर्नेछ ।

**६. दैनिक प्रशासन सम्बन्धी व्यवस्थाः** (१) सञ्चारग्राममा दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न रेडियो नेपालले वढीमा निर्देशक वा तह १० का कर्मचारीलाई सञ्चारग्रामको निर्देशकको रुपमा खटाउनेछ ।

(२) उपदफा (१) बमोजिम खटाईएका निर्देशकले समितिको अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही सञ्चारग्रामको प्रशासकीय प्रमुखको रुपमा दैनिक प्रशासनिक कार्य सञ्चालन गर्नुपर्नेछ ।

(३) निर्देशकको अन्य काम, कर्तब्य र अधिकार रेडियो नेपालका कार्यकारी निर्देशकले अधिकार प्रत्यायोजन गरे बमोजिम हुनेछ ।

**७. सञ्चारग्रामको काम, कर्त्तव्य र अधिकारः** (१) दफा ४ बमोजिमको उद्देश्य प्राप्तिका लागि सञ्चारग्रामको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नागरिक सरोकार तथा सार्वजनिक महत्वका बिषयमा सूचना, जानकारी वा समाचार संकलन गरी प्रसारण सम्बद्ध निकायमा सम्प्रेषण गर्ने, गराउने ।

(ख) विराटनगर महानगर एफ.एम. रेडियो सञ्चालन गर्ने ।

(ग) पूर्व क्षेत्रका सञ्चार माध्यमहरुसँग समन्वय गरी आवश्यकता बमोजिम अन्तरक्रिया, प्रशिक्षण, गोष्ठी आदि क्रियाकलाप सञ्चालन गर्ने ।

(घ) साहित्य, संगीत, कला, धर्म तथासंस्कृतिको जगेर्ना तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने कार्यक्रम निर्माण तथा सञ्चालनका लागि सहयोग गर्ने ।

(ङ) गीत तथा कार्यक्रम रेकर्डका लागि स्टुडियो भाडामा उपलव्ध गराउने ।

(च) साहित्य, संगीत, कला, संस्कृतिको अध्ययन, अनुसन्धान गर्ने कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

(छ) रेडियो नेपालको आय आर्जनको स्रोत विस्तार गर्ने कार्य गर्ने ।

(ज) अन्य सञ्चार माध्यमहरुसँग आवश्यकता बमोजिम समन्वय र सहकार्य गरी आमसञ्चार क्षेत्रको अन्य कार्यहरु गर्ने ।

**८. बजेट सम्बन्धी व्यवस्थाः** (१) सञ्चारग्रामको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नका लागि रेडियो नेपालले वार्षिक वजेट विनियोजन गर्नेछ ।

(२) उपनियम(१) बमोजिम उपलव्ध गराउने आवश्यक वजेट नेपाल सरकार अर्थ मन्त्रालयसंग रेडियो नेपालले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत माग गरी निकासा गराउने छ ।

(३) सञ्चारग्रामको व्यवसायिक योजनाबाट प्राप्त हुने आम्दानी सञ्चारग्रामको आम्दानी खातामा जम्मा गरिनेछ र उक्त खातामा प्राप्त हुने रकम रेडियो प्रसार सेवा विकास समितिको वार्षिक वजेटमा समावेश गरीनेछ ।

(४) महानगरपालिका एफ.एम. रेडियो सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति र उपकरण तथा सञ्चालन खर्च महानगरपालिकाले र प्राविधिक सहयोग रेडियो नेपालले गर्नेछ ।

९. **लेखा र लेखापरिक्षण:**(१) सञ्चारग्रामले आफुले गरेको कारोबारको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ।

(२) सञ्चारग्रामको लेखाको लेखापरिक्षण रेडियो नेपाल अन्तर्गतको प्रदेश प्रसारण कार्यालयहरुले अपनाईएको विधि र प्रक्रिया अनुसार गरिनेछ ।

१०. **अन्तिम निर्णय सम्बन्धी व्यवस्था:** निर्देशिकामा उल्लेख भएका विषयहरूमा विवाद उठी निर्णयमा पुग्न नसकेको अवस्था र निर्देशिकामा उल्लेख नभएको विषयमा निर्णय गर्न आवश्यक भएमा सञ्चारग्रामको अध्यक्षले त्यस्ता विषयहरु निर्देशन समिति समक्ष पेश गर्नु पर्नेछ र यस्ता विषयमा निर्देशन समितिको निर्णय अन्तिम हुनेछ ।

११.**संशोधन सम्बन्धी व्यवस्था:** निर्देशिकामा कुनै संशोधन वा परिमार्जन गर्नु परेमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्नेछ ।

१२. **छाप/लोगो/लेटर प्याड:** सञ्चारग्रामको लागि रेडियो नेपालको प्रचलित लोगो राखी छाप निर्माण गरिनेछ र सञ्चारग्रामको लेटर प्याडको अग्रभागको वायाँ किनारमा स्व. तारणी प्रसाद कोइरालाको प्रतिक फोटो राखिनेछ।

१३. **निर्देशन समितिको व्यवस्था:** (१)सञ्चारग्रामलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि आवश्यकतानुसार निर्देशन दिन तपशिल बमोजिमको निर्देशन समिति रहनेछ ।

क) मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

ख) मूख्य मन्त्री, प्रदेश नं. १

ग) नगरप्रमुख, महानगरपालिका

(२) निर्देशन समितिले दिएको निर्देशनको पालना गर्ने गराउने दायित्व रेडियो नेपाल र सञ्चारग्रामको हुनेछ ।

१४. **बचाउ:** यस निर्देशिका प्रारम्भ हुनु अघि सञ्चारग्रामले गरेका काम कारवाहीहरु यस निर्देशिका बमोजिम भएको मानिनेछ ।